नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं. ०१४२००३३१

प.सं. २०७५/०७६

च.न ...२२

मिति: २०७५/०५/१५

**विषय:-सिफारिस कार्यान्वयन सम्वन्धमा ।**

**श्री स्थानीय तहहरु, सबै ।**

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को कार्यादेश बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको अवस्था सम्वन्धमा ६ वटा प्रदेशमा प्रादेशिक सम्मेलन र १ वटा राष्ट्रिय सम्मेलन सम्पन्न गरी अपाङ्गता भएका व्यक्तिहरुले उठाएका सवाल र सम्मेलनको घोषणाको आधारमा प्रतिवेदन समेत सार्वजनिक गरिसकेको र आयोगले सम्पन्न गरेका सम्मेलनबाट अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सन्दर्भमा संघीय, प्रादेशिक र स्थानीय तहका सरकारले विशेष प्राथमिकताका साथ कार्य गर्नुपर्ने भनी आयोगको मिति २०७५/३/८ को निर्णयानुसार बुँदागत सिफारिसहरु कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको च.नं. ४६७ मिति २०७५/४/२३ को पत्र संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने विषयहरुका सम्वन्धमा तहाँबाट विशेष प्राथमिकताका साथ कार्यान्वयन गरी सोको प्रगति राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयमा समेत नियमित रुपमा प्रगति पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७५।५।१५

............................

(आनन्दराम विष्ट)

शाखा अधिकृत

**वोधार्थ:**

**१. श्री राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर ।**

**२. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।**

**३ श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: यस मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुन**

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


च. नं. ४५६ CRD

मिति : २०७५/४/२३

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. १८८६
मिति २०७५।४।२६

विषय: सिफारिस गरि पठाइएको बारे ।

उपर्युक्त सम्वन्धमा यस आयोगले नेपालको संविधानको धारा २४९ (१) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४(१) (ग) र (च) बाट प्राप्त कार्यादेश बमोजिम अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था सम्वन्धी ६ वटा प्रदेशमा प्रादेशिक सम्मेलन र १ वटा राष्ट्रिय सम्मेलन सम्पन्न गरी अपांगता भएका व्यक्तिहरूले उठाएका सवालहरू र सम्मेलनका घोषणपत्रहरूका आधारमा "अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था राष्ट्रिय प्रतिवेदन" समेत सार्वजनिकीकरणको कार्य सम्पन्न गरेको छ । आयोगले सम्पन्न गरेका सम्मेलनबाट अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण र संवर्धनको सन्दर्भमा संघीय, प्रादेशिक र स्थानिय तहका सरकारले विशेष प्राथमिकताका साथ कार्य गर्नुपर्ने अवश्यकता देखिएको हुँदा सो सम्वन्धमा तहाँ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक कार्यवाही अगाडि बढाई सो को जानकारी यस आयोगलाई समेत गराउन हुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम तपसिल बमोजिम आयोगको मिति २०७५/३/८ को निर्णय अनुसार सिफारिस गरिएको छ । साथै अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था सम्बन्धी राष्ट्रिय प्रतिवेदनको एक प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**सिफारिशहरू**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्न आयोग नेपाल सरकारलाई निम्न बमोजिम सिफारिशहरू गर्दछ :-

समग्र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धनका लागि

- नेपाल सरकारबाट अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्ने, गराउन तथा यस सम्वन्धी नियमावली अविलम्व जारी गर्ने । केन्द्र, प्रदेश र स्थानीय तहमा ऐन बमोजिमको निर्देशन समिति तथा समन्वय समिति तत्काल गठन गर्ने, गराउन ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका, २०६९ को प्रभावकारी कार्यान्वयन गर्ने, गराउन । पुनर्निर्माण र नवनिर्माणमा सर्वमान्य ढाँचा (Universal Design) को सिद्धान्तलाई अवलम्बन गर्ने, गराउन ।
- सार्वजनिक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी सिद्धान्त र संविधानको मर्म अनुसारको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।
- सार्वजनिक यातायात अपाङ्गता मैत्री बनाई सीटको आरक्षण प्रभावकारी कार्यान्वयन गर्ने ।
- नेपाल सरकारले कानून बमोजिम प्रदान गरेको नि:शुल्क स्वास्थ्य उपचार र औषधीको सुविधा हेमोफेलिया, मनोसामाजिक, अटिज्म, डाउनसिन्ड्रोम, बौद्धिक अपाङ्गता र स्पाइनल इन्जुरी लगायतका सबै अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता अनुकूलको सुविधा सुनिश्चित गर्ने, गराउन ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

- पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई समय सापेक्ष सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने । सर्वोच्च अदालतको परमादेश बमोजिम कम्तिमा पनि न्यूनतम निर्वाह भत्ताको रुपमा अवस्था अनुसार रु.३०००।- (तीन हजार) देखि रु.५०००।- (पाँच हजार) सम्म मासिक विशेष भत्ता उपलब्ध गराउन ।
- दिगो विकास लक्ष्य हासिल गर्न र विशेष गरी 'कोही पछि नछुटुन' भन्ने सन्देशको मर्म अनुरूप अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकार सुनिश्चित हुने गरी नेपाल सरकार र नेपालस्थित दातृ निकायहरूले अनिवार्यरुपमा विकासमा अपाङ्गताको सवाल भन्ने सिद्धान्त अनुसार कार्य गर्ने गराउने व्यवस्था गर्नु पर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सबै खाले सहायता सामग्री निःशुल्क वितरण गर्ने । निःशुल्क वितरण गर्न नसकिने सहायता सामग्रीहरू सहुलियत दरमा र सहज ढङ्गले वितरण गर्ने र यस्तो सामग्रीमा लाग्ने सबैखाले करहरू मिनाहा गर्न ।
- अपाङ्गता भित्रको विविधतालाई संबोधन गर्दै गम्भीर खाले अपाङ्गता र अपाङ्गता भित्रका दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी र महिलाका विशेष खालका आवश्यकतालाई प्राथमिकतामा राख्न । सन् २०२१ को राष्ट्रिय जनगणनामा अपाङ्गता भएका दलित, आदिवासी जनजाति, मुस्लिम,मधेसी समुदायको वर्गीकृत तथ्याङ्क निकाल्ने र अपाङ्गताको प्रकार अनुसारको तथ्याङ्क अनिवार्य रुपमा संकलन गर्ने व्यवस्था मिलाउन ।
- पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्न कम्तिमा पनि सबै प्रदेशमा पुनर्स्थापना केन्द्र स्थापना गर्न, गराउन ।
- केन्द्रिय तथ्याङ्क विभागद्वारा अपाङ्गता भएका व्यक्तिहरूको देशभरको एकिकृत र विविधता बमोजिमको खण्डिकृत तथ्याङ्क संकलन गर्न, गराउन । सबै स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको विवरणको अभिलेख राख्न र सो को हरेक वर्ष अद्यावधिक गर्न, गराउन ।
- वितरित अपाङ्गता सम्बन्धी परिचयपत्रको पुनरपरीक्षण गर्न ।
- अपाङ्गताको विषयमा स्थानीय सरकारको भूमिका सशक्त बनाउन ।
- प्रादेशिक सरकारले पनि अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारलाई उच्च प्राथमिकतामा राख्न ।
- संघीय, प्रादेशिक तथा स्थानीय सरकारले कानूनहरूमा अपाङ्गमैत्री प्रावधानहरू समावेश गर्न र प्रचलित कानूनलाई पनि तद्अनुरूप संशोधन गर्न ।

**बहु अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्न**

- पूर्ण वा अति अशक्त बहु अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोगीको आवश्यकता पर्ने हुँदा त्यस्तो सहयोगीको प्रवन्ध गर्न ।
- निःशुल्क उपचारको व्यवस्था गर्न ।

**अटिज्म सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्न**

- सहयोगीको व्यवस्था गर्न ।
- स्याहार र शिक्षाका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न ।

**अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्न**

- निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गर्न ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको वृहत्तर हक हित, अधिकार र सशक्तीकरणको लागि सामुदायिक स्याहार केन्द्र र ट्रष्ट फण्ड (Trust Fund) सञ्चालन गर्ने, गराउने।

मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- दिवा सेवाको व्यवस्था गरी पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिका आत्मसम्मान र बाँच्न योग्य सामाजिक सुरक्षा सहित व्यक्तिगत सहयोगीको समेत व्यवस्था गर्ने।
- मानसिक अपाङ्गताको आधारमा हुने विभेदकारी कानून खारेज गर्ने।

स्वर र बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- स्पीच थेरापीको सेवा सर्वसुलभ बनाउने।

श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- स्पर्श सञ्चार(टेक्टाइल) को प्रवर्धन गर्ने।
- सहयोगीको व्यवस्था गर्ने।
- पुनर्स्थापन केन्द्रमा राखी सेवा प्रदान गर्ने।

सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- जनसम्पर्क बढी हुने सबै कार्यालयहरूमा साङ्केतिक भाषाको दोभाषे व्यवस्था गर्ने।
- दोभाषे उत्पादन गर्ने तालिम, शिक्षक लगायतको व्यवस्था गर्ने।
- सञ्चारमाध्यममा साङ्केतिक भाषाको प्रयोग हुने व्यवस्था गर्ने।
- सांकेतिक भाषा अध्ययन अनुसन्धान र तालिम केन्द्र स्थापना गर्ने।
- सुस्त श्रवण अपाङ्गतालाई अपाङ्गताको परिभाषा भित्र समावेश गर्ने।
- सुस्त श्रवण व्यक्तिको पहुँच सुनिश्चित गर्न नोटटेकर, हियरिङ्ग एड लगायतका व्यवस्था गर्ने।

दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्ने

- ब्रेल लिपिमा शैक्षिक सामग्रीहरू तयार पारी वितरण गर्ने।
- अडियो रेकर्डमा शैक्षिक सामग्रीहरू तयार पारी वितरण गर्ने।
- सेतो छडी लगायतका सहायता सामग्रीहरू सर्वसुलभ बनाउने।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

- दृष्टिविहीनहरूको सञ्चारमा पहुँच अभिवृद्धि गर्न माराकास सन्धि (Marrakesh Treaty, 2013)अनुमोदन गर्न ।
- दृष्टिविहीनहरूको पहुँच पुऱ्याउन नवीनतम् आधुनिक प्रविधिहरूको प्रयोग गर्ने व्यवस्था मिलाउन ।

**शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धन गर्न**

- भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन ।
- सहायता सामग्रीहरू सर्वसुलभ बनाउन ।

माथि उल्लिखित सिफारिशहरू कार्यान्वयनको लागि आयोग संघीय, प्रादेशिक तथा स्थानीय सरकारलाई आ-आफ्ना अधिकार क्षेत्रका विषयमा तत्परता लिन आग्रह गर्दछ ।

वेद प्रसाद भट्टराई
सचिव

**बोधार्थ**
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।